राजपुर गाउँपालिका ☏०८२-५९०६४०

# गाउँ कार्यपालिका कार्यालय

गंगदी, दाङ

प.सं. २०८३/०८४

च.नं.

लुम्बिनी प्रदेश, नेपाल

## सार्वजनिक खरिद सम्झौताको अवधि (म्याद) थप गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना ।

प्रकाशित मिति: २०८३/०४/०१

सार्वजनिक खरिद ऐन, २०६३ (दोस्रो संशोधन, २०८३) र सार्वजनिक खरिद नियमावली, २०६४ (पन्ध्रौं संशोधन, २०८३) को नियम १२०(क), बमोजिम यस राजपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयसँग खरिद सम्झौता भई तोकिएको अवधिभित्र कार्य सम्पन्न हुन नसकी अधुरो रहेका, कम्तीमा ५० प्रतिशत भौतिक कार्य प्रगति भएका र आ.व. २०८२/८३ मा खरिद सम्झौता भई अवधि सकिएका सम्झौताहरूको हकमा अवधि थप गर्न सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यावसायी, परामर्शदाता वा सेवाप्रदायकहरूको लागि यो सूचना प्रकाशित गरिएको छ। अवधि थप गर्न सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यावसायी, परामर्शदाता वा सेवाप्रदायकले सूचना प्रकाशित भएको (नियमावली प्रारम्भ मिति २०८३/०३/३०) ले ३० दिनभित्र देहायका कागजात सहित यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

पेश गर्नुपर्ने कागजातहरू:

१. काम हुन नसकेको कारणहरु, औचित्य र पुष्टयाई।

२. बाँकी काम सम्पन्न गर्ने संशोधित कार्यतालिका।

३. कार्यतालिका अनुसार काम सक्ने कबुलियतनामा।

४. अवधि थप गर्नुपर्ने कारणहरु।

५. अतिरिक्त आर्थिक दावी नगर्ने प्रतिवद्धता पत्र।

६. जमानत (Performance/Advance Guarantee) र बिमाको नवीकृत अवधि कायम रहेको प्रमाण।

शोभाराम रिजाल

प्रमुख प्रशासकीय अधिकृत

शोभाराम रिजाल

प्रमुख प्रशासकीय अधिकृत

Email: rajpurmun@gmail.com

Website: rajpurmundang.gov.np